**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २० जुलाई २०२६**
समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

## प्रमुख समाचार

- पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आउदो १ सितम्बर देखि राज्यका सबै सरकारी कार्यहरुमा बंगला भाषा अनिवार्य गर्ने घोषणा गर्नुभएको छ ।

- पश्चिम बंगालका पञ्चायतहरूमा कर्मचारीको अभाव पूरा गर्न राज्य सरकारले ११ हजार पदहरू नियुक्तिको लागि तयारी सुरु गरेको छ।

- रेल मन्त्रालयले जलढाकाको नयाँ १७ किलोमिटर लाइनका लागि लगभग २७२ करोड रुपिया स्वीकृत गरेकोमा दार्जीलिंगका लोकसभा सांसद एव भारतीय जनता पार्टीका रास्ट्रीय प्रवक्ता राजु बिस्टले खुशी व्यक्त गर्नुभएको छ।

- खर्सांगका बिधायक सोनाम लामाले आज पश्चिम बंगाल विधानसभाको मनसुन सत्रमा खर्सांगलाई पूर्ण जिल्लाको दर्जा दिनुपर्ने मांग सहित क्षेत्रको सर्वागिन बिकास प्रति सदनको ध्यानकार्षण गराउनु भएको छ 1

- **श्रवण महिनाको पहिलो सोमबार आज दार्जीलिंग पहाड ,सिलगडी तराई डुवर्सको बिभिन्न शिवालय मन्दिरहरुमा भक्तिभावको साथ पालन गरियो।**

**DATE-20/07/2026** **TIME-6.50PM**

**Headlines**

पश्चिम बंगाल -मुख्यमंत्री -१ सितम्बर -बांग्ला भाषा को उपयोग अनिवार्य

**पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले १ सितम्बर देखि राज्यका सबै सरकारी कार्यहरुमा बंगला भाषा अनिवार्य गर्ने घोषणा गर्नुभएको छ । उहाले आज विधानसभामा केन्द्रीय गृहमन्त्री अमित शाहको सुझावको सम्मान गर्दै यो निर्णय लिइएको बताउनु भएको छ ।**

**1-Byte स्नेह थामी**

**मुख्यमन्त्री श्री अधिकारीले भन्नुभयो – आगामी १ सितम्बर देखि राज्य सरकारका सबै विभागहरूमा आधिकारिक पत्राचार र प्रशासनिक कार्य बंगाली भाषामा हुनेछ। राज्य सरकारका सबै कार्यालयहरूमा बंगलामा सरकारी दस्ताएज र पत्रहरू तयार गरिनेछ। उहाले स्पष्ट पार्दै भन्नुभयो - केन्द्र सरकारसँगको पत्राचारको क्रममा बाङ्लासँगै हिन्दी भाषाको पनि प्रयोग गरिनेछ, ताकि दुई सरकारहरूबीच संवादमा कुनै बाधा नआओस्। मुख्यमन्त्रीले श्री अधिकारीले अझ भन्नुभयो -हालै केन्द्रीय गृहमन्त्री अमित शाहले उहालाई एक पत्र लेख्नुभएको थियो जसमा उहालाई बाङ्गला भाषाको समृद्ध परम्परा र सांस्कृतिक विरासतको सम्मान गर्न भनिएको थियो। सोही पत्रमा दिइएको सुझावलाई ग्रहण गर्दै राज्य सरकारले यस्तो निर्णय गरेको हो। बिधानसभा अध्यक्ष रथिन्द्र बासुले पनि आफूले पदभार सम्हाले पछि बिधानसभाको कारवाही पूर्णरुपमा बाङ्लामा सञ्चालन गर्ने इच्छा व्यक्त गर्नुभएको थियो । त्यसबेला मुख्यमन्त्री शुभेन्दु अधिकारीले आफ्नो प्रस्तावलाई समर्थन गरेको उहाले बताउनु भयो । मुख्यमन्त्री श्री अधिकारीले राज्यमा प्रशासनिक तहमा बंगला भाषालाई बढी महत्व दिने उद्देश्यले यो कदम चालिएको बताउनु भयो । यसले शासन प्रणालीमा मातृभाषाको प्रयोग बढ्ने र सरकारी कामलाई आम नागरिकका लागि थप सहज बनाउने सरकारको विश्वास**

**छ। यो निर्णय कार्यान्वयन गर्न राज्य सरकारले चाँडै विस्तृत दिशानिर्देश जारी गर्ने सम्भावना छ। यो व्यवस्था १ सितम्बर देखि पूरै पश्चिम बंगालमा लागू हुनेछ।**

**कोलकाता पुलिस - ईयरफोन ,हेडफोन प्रयोग -रोक**

कोलकाता पुलिसले ड्युटीमा रहेका पुलिसकर्मीहरुलाई इयरफोन र हेडफोन प्रयोगमा पूर्ण प्रतिबन्ध लगाएको छ। आदेश उल्लङ्घन गर्ने कर्मीहरुलाई कठोर विभागीय कारवाही गर्ने चेतावनी दिइएको छ। यस सम्बन्धमा सबै पुलिस थाना प्रभारी र वरिष्ठ अधिकारीहरूलाई निर्देश जारी गरिएको छ।

**2-Byte गोपाल मुखिया**

पुलिस आयुक्त अजय नन्दको निर्देशमा जारी आदेशमा कुनै पनि पुलिसले ड्युटीमा रहँदा इयरफोन वा हेडफोन प्रयोग गर्न नपाउने भनिएको छ। कोलकाता पुलिसका एक वरिष्ठ अधिकारीले आज बिहान यसको पुष्टि गर्दै भने, 'केहि दिन यता केही पुलिसहरूले ड्युटीमा हुँदा मोबाइल फोनमा भिडियो हेरिरहेका वा संगीत सुनिरहेका थिए। यसले उनीहरूको सतर्कतालाई असर गरिरहेको थियो र आपतकालिन अवस्थामा तुरुन्त प्रतिक्रिया दिने उनीहरूको क्षमतालाई कमजोर बनाइरहेको थियो। यसलाई मध्यनजर गर्दै यो कठोर निर्णय लिइएको छ। कोलकाता पुलिसले आदेशको बेवास्ता गर्ने कर्मचारीहरु माथि कठोर अनुशासनात्मक कारबाही गरिने स्पष्ट पारेको छ। कर्तव्यको रेखामा लापरवाही रोक्न र आपतकालिन अवस्थामा द्रुत प्रतिक्रिया सुनिश्चित गर्न निगरानी पनि बढाइएको छ।यसअघि कोलकाता पुलिसले अर्को आदेश जारी गर्दै विशेष युनिटहरु बाहेक सादा पोशाकमा काम गर्ने पुलिसहरु बाहेक अन्य पुलिसकर्मीहरुलाई पनि प्रतिबन्ध लगाएको थियो। पुलिस व्यवस्थालाई थप अनुशासित र प्रभावकारी बनाउन प्रदेश सरकारले निरन्तर कदम चालिरहेको छ। यस क्रममा पुलिस बलको आधुनिकीकरण, दक्षता अभिवृद्धि र अनुशासनको सुदृढीकरणमा विशेष जोड दिइएको छ। मुख्यमन्त्री शुभेन्दु अधिकारीले हालैमा पुलिस कर्मीहरुको शारीरिक फिटनेसमा ध्यान दिदै राज्यमा आगामी ६ महिनादेखि एक वर्षभित्र २० हजार नयाँ पुलिस कर्मचारीहरु भर्ना गर्ने योजनाको घोषणा गर्नुभएको थियो।

**पश्चिम बंगाल - पंचायत मंत्री**

**पश्चिम बंगालका पञ्चायतहरूमा कर्मचारीको अभाव पूरा गर्न राज्य सरकारले ११ हजार पदहरू नियुक्तिको लागि तयारी सुरु गरेको छ। पञ्चायत मन्त्री दिलीप घोषले आज पञ्चायत विभागमा केन्द्रीय तहमा लोक सेवा आयोग पी.एस.सी. मार्फत नियुक्ति गरिने बताउनु भएको छ।विधानसभामा पत्रकारहरूसँग बातचीत गर्नुहुदै मन्त्री श्री घोषले कर्मचारीहरुको अभावका कारण पञ्चायतहरूको काम प्रभावित भइरहेको बताउनु भएको छ। यसलाई ध्यानमा राख्दै राज्य सरकारले यसै वर्षभित्र नियुक्ति प्रक्रिया सुरु गर्ने निर्णय गरेको छ। यसका लागि आवश्यक प्रक्रिया डिसेम्बरसम्म शुरु हुनेछ।**

**रेल मंत्रालया -सांसद राजु बिस्ट**

**रेल मन्त्रालयले जलढाकाको नयाँ १७ किलोमिटर लाइनका लागि लगभग २७२ करोड रुपिया स्वीकृत गरेकोमा दार्जीलिंगका लोकसभा सांसद एव भारतीय जनता पार्टी का रास्ट्रीय प्रवक्ता राजु बिस्टले खुशी व्यक्त गर्नुभएको छ। संसद राजु बिस्टले भन्नुभएको छ - यो मार्ग चाल्सा नजिकैको खुनिया मोरबाट सुरु हुनेछ र जलपाईगुडी र कालेबुंग वन प्रभाग हुँदै जानेछ। यो रेलमार्गले भारत–चीन–भुटान त्रिदेशीय विन्दुसम्म पुग्ने कनेक्टिभिटीमा सुधार ल्याउनेछ भने झल्ढाका–विन्दु–टोडे ताङ्ता क्षेत्रमा पर्यटन बढाउन सहयोग गर्नेछ। प्रस्तावित नयाँ लाइनका लागि रेलवे र विश्व वन विभागले मनसुनपछि संयुक्त सर्वेक्षण गर्नेछन्। सांसद बिस्टले क्षेत्रका जनताको तर्फबाट प्रधान मन्त्री श्री नरेन्द्र मोदी , मुख्यमन्त्री श्री शुभेन्दु अधिकारी अनि रेल मन्त्री श्री अश्विनी वैष्णवप्रति क्षेत्रमा आधुनिक बुनियादी ढाचा विकासलाई उच्च प्राथमिकता दिएकोमा आभार व्यक्त गर्नुभएको छ।**

**खर्सांग -बिधायक -पूर्ण जिल्लाको मांग**

**खर्सांगका बिधायक सोनाम लामाले आज पश्चिम बंगाल विधानसभामा मनसुन अधिवेशनको क्रममा खर्सांगलाई पूर्ण जिल्लाको दर्जा दिनुपर्ने मांगमा सदनको ध्यानकार्षण गराउनु भयो। उहाले सत्रलाई सम्बोधन गर्नुहुदै खर्सांग**

**बिधानसभा क्षेत्र को सर्वंगिन बिकास सहित विशेष गरी स्वास्थ्य सेवा तथा स्वास्थ्य बुनियादी ढाचा को विस्तार गर्न आवश्यक रहेको बताउनु भयो I बिधायक लामाले यस अवसरमा राज्य सरकारले प्रस्तुत गरेको बजेटप्रति धन्यवाद ज्ञापन गर्नुहुदै बजेटको स्वागत गर्नुभयो ।उहाले जनताको आवाजलाई सदनमा सशक्त रूपमा उठाउँदै खरसाङको सर्वाङ्गीण विकासका निम्ति आफ्नो प्रयास निरन्तर जारी राख्ने प्रतिबद्दता पनि व्यक्त गर्नुभयो I**

**सिलीगुड़ी नगर निगम - अतिक्रमण नोटिस**

वामपन्थी दलको नेतृत्वमा स्थानीय बासिन्दाहरूले आज सिलगुडी नगर निगमको वार्ड नम्बर २८ मा अतिक्रमण सूचनाको विरोधमा प्रदर्शन गरे। प्रदर्शनकारीहरूले लामो समयदेखि बसिरहेका परिवारहरूलाई निष्कासन गर्नु अघि वैकल्पिक पुनर्स्थापनाको लागि उचित व्यवस्था गर्न माग गरे।वर्षौंदेखि रेलको जमिन मा बस्दै आएका धेरै परिवारलाई पुनर्वासको व्यवस्था नगरी हटाउनु मानवीय दृष्टिले उचित नभएको प्रदर्शनकारीको भनाइ छ। एक्कासी निष्कासन गर्दा सयौं मानिसको टाउकोको छाना खोसिएको र उनीहरुको जीविकोपार्जनमा गम्भीर असर पर्ने उनीहरुको आरोप छ ।आन्दोलनको क्रममा प्रतिनिधिमण्डलले रेलवे अधिकारीहरूलाई ज्ञापनपत्र बुझाउदै पुनर्वासको सुनिश्चितता नगरी कुनै पनि निष्कासन कारबाही गर्न नहुने माग गरिएको छ ।आन्दोलनकारीले आफ्ना मागमा तत्काल सकारात्मक निर्णय नभए आगामी दिनमा व्यापक आन्दोलन हुने चेतावनी दिएका छन् ।

**श्रवण महिना- पहिलो सोमबार**

श्रवण महिनाको पहिलो सोमबार आज दार्जीलिंग पहाड,सिलगडी तराई,डुवर्सको बिभिन्न शिवालय मन्दिरहरुमा भक्त एव श्रद्धालुहरुले भक्तिभावको साथ भगवान शिवको पुजा अर्चना गरे। भक्तजनले भगवान शिवको सुख–समृद्धि र परिवारको सुख–शान्तिका लागि प्रार्थना गरे। मन्दिर परिसर 'हर हर महादेव' र 'बमबम भोले'को जयजयकारले गुञ्जायमान भएको थियो ।भक्तजनहरुले दार्जीलिंग खर्सांग मिरिक कालेबुंग सिलगडी आदि स्थानहरुका शिव मन्दिरहरुमा फुल प्रसादी पुजा पाठ गरे उत्तर बंगालको प्रसिद्ध तीर्थस्थल जलपेश मन्दिरमा पनि भक्तजनको ठूलो भीड लागेको थियो। श्रावण महिनाको पहिलो सोमबार सम्पूर्ण क्षेत्रमा श्रद्धा, आस्था र धार्मिक उत्साहको वातावरण देखिएको थियो।

**********